


वर्ष ३२ अंक १ नेपाल राष्ट्र बैंक समाचार असोज २०६४ सेप्टेम्बर/अक्टोबर २००७

# ३२ औं वर्ष प्रवेश

विक्रम संवत २०३३ साल असोजदेखि प्रकाशन आरम्भ भएको नेपाल राष्ट्र बैंक समाचार यस अंकबाट ३२ औं वर्षमा प्रवेश गरेको छ। यस अवधिमा आफ्नो उद्देश्य प्राप्तिमा समाचार निरन्तर प्रयासरत एवं क्रियाशील छ। यस अवसरमा समाचार प्रकाशन कार्यमा सहयोग गर्नु हुने सबैप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं।

बैंकभित्र आन्तरिक सञ्चारको आवश्यकता परिपूर्ति गर्न शुरु गरिएको समाचारको प्रकाशन आफैंमा एक महत्वपूर्ण प्रयास थियो। यसको प्रकाशनलाई तीन दशकभन्दा बढी समयसम्म निरन्तरता दिनु कम चुनौतिपूर्ण थिएन। यस यात्रामा समाचारले विभिन्न आरोह अवरोह पार गर्दै आफूलाई यथासम्भव परिष्कृत र परिमार्जित गर्दै लाने प्रक्रिया निरन्तर चलिनै रहेको छ। यसैक्रममा यस अंकदेखि समाचार रङ्गिन कलेबरमा प्रकाशन भएको छ। नेपाल राष्ट्र बैंकको पाँच वर्षे रणनीतिक योजनामा समाचारलाई विचारप्रधान (theme based) बनाई रङ्गिन रुपमा प्रकाशन गर्ने उल्लेख गरिएको थियो। यसैको कार्यान्वयन स्वरुप यो प्रयास थालिएको हो। समाचारको स्तर अझ वृद्धि गर्न यस अंकदेखि समसामयिक विषयमा लेखिएका संक्षिप्त दुई लेख पनि समावेश गरिएका छन्। विद्वान लेखकहरूका विचार समेटिएको समसामयिक लेख, सामग्रीहरूको हामीलाई सधैं अपेक्षा रहने छ।

समाचारलाई बैंकका कर्मचारीहरूले आफ्नै प्रकाशन ठानेर स्नेह दिनुभएको छ। हामी यसको निरन्तरता पाउनेमा विश्वस्त छौं। समाचारलाई अझ सामयिक, पठनीय र स्तरीय बनाउन बैंकका सबै विभाग तथा कार्यालयहरूले आफूले संचालन गरेका विभिन्न गतिविधि तथा कार्यक्रमको जानकारी समयमै उपलब्ध गराउनु हुनेछ भन्ने हामीले आशा लिएका छौं।

अन्तमा विजयादशमी तथा दीपावलीको शुभ अवसरमा बैंक परिवारको शुख, शान्ति तथा समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।●

# संस्थापक शेयर बिक्री खुला

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको एकापसमा क्रस होल्डिङ्ग हुने गरी लगानीमा रहेको संस्थापक समूहको शेयर धितोपत्र विनिमय बजारमार्फत खरिद बिक्री गर्न खुला गरेको छ। बैंकले असोज २० गते एक निर्देशन जारी गरी यो छुट प्रदान गरेको हो।

यसरी शेयर खरिद बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरूलाई प्राथमिकता दिनु पर्ने प्रावधान लागू नहुने बैंकले जनाएको छ। तर शेयर खरिद गर्ने व्यक्ति तथा संस्था संस्थापक समूहमै कायम रहने छ, निर्देशनमा उल्लेख छ। साथै यस्तो शेयरको जतिपटक खरिद बिक्री भए पनि खरिदकर्ता संस्थापक समूहमा कायमै रहने बैंकले स्पष्ट पारेको छ।

यस्तो शेयर खरिदकर्ता कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नपरेको र प्रचलित कानुन एवं नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन बमोजिम संस्थापक शेयर खरिद गर्न अयोग्य नभएको हुनु पर्ने पनि बैंकले जनाएको छ। खरिदकर्ताले आफू अयोग्य नभएको स्व–घोषणा शेयर खरिद गर्ने समयमा पेश गर्नु पर्नेछ।

बैंक तथा वित्तीय संस्थाहरूले अन्य बैंक तथा वित्तीय संस्थाहरूमा लगानी गरेको संस्थापक शेयर २०६५ असारभित्र अनिवार्यरुपमा बिक्री गरिसक्नु पर्ने समेत बैंकले जनाएको छ। शेयर खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था र प्रक्रिया भने प्रचलित कानून अनुसार नै हुनेछ।

यसअघि कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र हस्तान्तरण गर्न सकिने व्यवस्था थियो।●

# मार्जिन लेन्डिङ नियमित

नेपाल राष्ट्र बैंकले मार्जिन लेन्डिङ नियमित गर्ने भएको छ। बैंकले असोज २० गते एक निर्देशन जारी गरी यस सम्बन्धमा नियमन व्यवस्था लागु गरेको हो। निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन लेन्डिङ अन्तर्गत धितो राखिने शेयरको मूल्यांकित रकमको बढीमा ५० प्रतिशतसम्मको कर्जा प्रदान गर्न सक्नेछ। यस प्रयोजनका लागि शेयरको मूल्यांकन शेयर बजारको पछिल्लो ९० कारोवार दिनको अन्तिम मूल्यको औसत मूल्यमा गर्नु पर्नेछ। एकपटक प्रवाह भइसकेको यस्तो कर्जा सुरक्षणमा रहेको शेयरको पूनर्मूल्यांकन गरी थप गर्न पाइने छैन।

मार्जिन लेन्डिङको भाखा एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुनर्संरचना र पुनर्तालिकीकरण गर्न समेत नपाइने निर्देशनमा उल्लेख छ। प्राथमिक पूँजी (नेटवर्थ) ऋणात्मक रहेका संस्थाहरूको शेयर धितोमा मार्जिन लेन्डिङ गर्न पाइने छैन।

मार्जिन लेन्डिङ गर्ने बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कर्जा नीति तथा निर्देशिकामा सोको स्पष्ट व्यवस्था गर्नु पर्ने, सम्पूर्ण कर्जा प्रक्रिया पूरा गरेर मात्र मार्जिन लेन्डिङ गर्नु पर्ने र यसरी प्रवाह भएको कर्जा असल नरहे शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने व्यवस्था पनि निर्देशनले गरेको छ। बैंकले निर्देशन जारी गर्नु अगाडि बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गरेको यस्तो कर्जा २०६५ असारभित्र निर्देशनको सीमाभित्र ल्याउन पनि निर्देशन दिएको छ।

नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत संस्थाहरूको शेयर धितोमा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जालाई मार्जिन लेन्डिङ भनिन्छ। यसअघि बैंक तथा वित्तीय संस्थाहरूले अन्य कर्जा सरह यस्तो कर्जा प्रदान गर्दै आएका थिए।●

# नेपाल राष्ट्र बैंक आर्थिक तथ्याङ्कको भण्डार




*का.मु. गभर्नर श्री मानन्धर सम्बोधन गर्नुहुँदै*

जनसम्पर्क महाशाखाले देशका आर्थिक पत्रकारहरूको सहभागितामा असोज २२ गते काठमाडौंमा 'NRB-Media Relation: A Review' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा कायममुकायम गभर्नर श्री मानन्धरले नेपाल राष्ट्र बैंक आर्थिक सूचनाको भण्डारको रुपमा रहेको बताउनुभयो । नेपाल राष्ट्र बैंकले सूचना प्रवाह गर्न कन्जुस्याइँ नगरेको धारणा राख्दै उहाँले सम्बन्धित पक्षको माग बमोजिम बैंकले छिटो छरितो सूचना उपलब्ध गराइरहेको बताउनुभयो । बैंकको वेबसाइटमार्फत पनि धेरै सूचना प्रवाह भइरहेको उहाँले उल्लेख गर्नुभयो ।

देशमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढिरहेको सन्दर्भ उल्लेख गर्दै उहाँले वित्तीय संस्थाहरूको उचित संख्या कति हो भन्ने कुरा बजारले निर्धारण गर्ने भए तापनि प्रक्रिया शुरु भइसकेका बैंक तथा वित्तीय संस्थाहरू २०६४ असोजभित्रमा कम पूँजीमा खोल्न पाइने व्यवस्था रहेकोले सो महिनामा स्थापना हुने यस्ता संस्थाहरूको संख्या बढेको स्पष्ट पार्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढेपछि तिनीहरूको निरीक्षण तथा सुपरिवेक्षणको दायरा पनि फराकिलो हुने स्पष्ट पार्दै उहाँले यसका लागि नेपाल राष्ट्र बैंक सक्षम रहेको जानकारी दिनुभयो । यसै प्रसङ्गमा उहाँले यस्ता संस्थाहरूको संचालनमा जोखिम घटाउन र निक्षेपकर्ताको बचत सुरक्षित गर्न बैंकले आवश्यकता अनुसारको निर्देशन दिँदै आएको उल्लेख गर्नुभयो । साथै निरीक्षण कार्य विश्वसनीय र फराकिलो बनाउन त्यस्ता संस्थाहरूमा लङफर्म अडिट रिपोर्टको व्यवस्था गरिने उहाँले बताउनुभयो । पूँजीकोष अनुपात पर्याप्त नभएका बैंक तथा वित्तीय संस्थाहरूको विशेष लेखापरीक्षण (Due Diligence Audit) गराउने व्यवस्था बैंकले अपनाउन लागेको पनि उहाँले जानकारी दिनुभयो ।

अन्तरक्रियाको उद्घाटन कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले गर्नुभएको थियो । समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझी उपस्थित हुनुहुन्थ्यो ।

उक्त समारोहमा गभर्नरको कार्यालयका निर्देशक श्री साधना उपाध्यायले स्वागत मन्तव्य



*निर्देशक श्री उपाध्याय स्वागत मन्तव्य व्यक्त गर्दै*

व्यक्त गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

उद्घाटन समारोहपश्चात सम्पन्न अन्तरक्रियामा नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष श्री किरण नेपालले 'Institutional Relation and Mutual Cooperation between NRB and SEJON' विषयक पहिलो कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त अवसरमा उहाँले देशको



*श्री नेपाल कार्यपत्र प्रस्तुत गर्दै*

आर्थिक विकास तथा यसको संचारका लागि नेपाल राष्ट्र बैंक र सेजन समन्वय गरी अघि बढ्नु पर्नेमा जोड दिनुभयो ।

यसैगरी कार्यक्रममा कान्तिपुर दैनिकका पत्रकार श्री विजय घिमिरेले 'नेपाल राष्ट्र बैंकको सूचना प्रवाह र संचार क्षेत्रको भूमिका' विषयमा



*श्री घिमिरे कार्यपत्र प्रस्तुत गर्दै*

दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले नेपाल राष्ट्र बैंकको सूचना प्रवाह प्रक्रियामा सुधार हुँदै आएको उल्लेख गर्नुभयो । नियमित आधिकारिक प्रक्रिया एवं व्यक्तिगत सम्पर्कमार्फत बैंकका सूचना पत्रकारहरूले पाउने गरेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

अन्तरक्रियामा प्रस्तुत कार्यपत्रमाथि कार्यकारी निर्देशकहरू अनुसन्धान विभागका सर्वश्री रामप्रसाद अधिकारी, लघु वित्त विभागका सुशिलराम माथेमा, वित्तीय संस्था सुपरिवेक्षण विभागका भोलाराम श्रेष्ठ, निर्देशकद्वय अनुसन्धान विभागका नरबहादुर थापा र कानुन महाशाखाका धर्मराज सापकोटा, पत्रकारहरू संजय न्यौपाने, गोकर्ण अवस्थी लगायतले टिप्पणी गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक र आर्थिक पत्रकारहरूबीचको सम्बन्ध सुमधुर बनाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा बैंकका विभागीय प्रमुखहरू, वरिष्ट अधिकृतहरू, यूनियनका पदाधिकारीहरू लगायत विभिन्न संचार माध्यमका आर्थिक पत्रकारहरूको उपस्थिति रहेको थियो ।



*का.मु. उप-निर्देशक श्री उपाध्याय धन्यवाद ज्ञापन गर्दै*

कार्यक्रमको अन्तमा जनसम्पर्क महाशाखाका कायममुकायम उप–निर्देशक श्री विमला उपाध्यायले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# आर्थिक वर्ष २०६४/६५ मा सरकारी खर्च बढ्ने संकेत

आर्थिक वर्ष २०६४/६५ मा सरकारी खर्च बढ्ने संकेत देखिएको छ । चालु आर्थिक वर्षको प्रथम महिनामा नेपाल सरकारको चालू खर्च ६३.८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २४ करोड पुगेको कारण यस्तो संकेत देखिएको हो । अघिल्लो वर्ष चालू खर्च ३३.९ प्रतिशतले मात्र बढेको थियो । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विज्ञप्ति अनुसार आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २५.३ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो खर्च १७.३ प्रतिशतले घटेको थियो । चालू खर्च र फ्रिज खर्चमा भएको वृद्धिको कारण कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो । सरकारी कर्मचारीहरूको तलब वृद्धि भएको र द्वन्द्व व्यवस्थापनसम्बन्धी सरकारी खर्च बढेकोले समीक्षा अवधिमा चालू खर्च वृद्धि उच्च रहेको छ ।

सो अवधिमा नेपाल सरकारको राजस्व परिचालन ४१.२ प्रतिशतले वृद्धि भई रु.७ अर्ब १३ करोड पुगेको बैंकले जनाएको छ । अघिल्लो वर्ष राजस्व ११.३ प्रतिशतले मात्र बढेको थियो । मूल्य अभिवृद्धि करका साथै गैरकर राजस्व पनि बढेकोले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो । मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको राजस्व परिचालन समीक्षा अवधिमा उच्च दरले विस्तार भएको छ । भन्सार राजस्व भने अघिल्लो वर्षको तुलनामा घटेको छ । आयकर राजस्वको वृद्धिदर पनि अघिल्लो वर्षको तुलनामा घटेको छ । सोही अवधिमा नेपाल सरकारलाई रु. १२ करोड ७७ लाख वैदेशिक नगद ऋण र रु.३५ करोड ९३ लाख वैदेशिक नगद अनुदान प्राप्त भएको छ । अघिल्लो वर्ष यस्तो ऋण र अनुदान क्रमशः रु.९ करोड ९६ लाख र रु.६० करोड ५२ लाख प्राप्त भएको थियो ।

समीक्षा अवधिमा सरकारी बजेट रु.३ अर्ब ५८ करोड बचतमा रहेको छ । सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्ष पनि सरकारी बजेट रु. ३ अर्ब ७२ करोडले बचतमा थियो ।

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा चालू खाता घाटा अघिल्लो वर्षको यसै महिनाको तुलनामा उल्लेख्य वृद्धि भई रु. १ अर्ब ३९ करोड पुगेको छ । २०६३ साउनमा चालू खाता घाटा रु ४६ करोड रहेको थियो । वस्तुको व्यापार घाटा बढ्नुका साथै सेवा खाता घाटामा समेत तीव्रता आएकोले चालू खाता घाटा समीक्षा अवधिमा बढेको हो ।

भन्सारमा आधारित तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा कुल निर्यात १० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात २.६ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ०.३ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा ८.३ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ७.१ प्रतिशतले घटेकोमा यस वर्ष १३.३ प्रतिशतका दरले वृद्धि भएको छ ।

**वस्तुको व्यापार घाटा बढ्नुका साथै सेवा खाता घाटामा समेत तीव्रता आएकोले चालू खाता घाटा समीक्षा अवधिमा बढेको हो ।**

भारततर्फ मुख्यतया जस्तापाता, रसायन, जुटका सामान, एम.एस. पाइप र पोलिस्टर धागोको निर्यातमा वृद्धि आएको कारण त्यसतर्फको निर्यात बढेको छ । अन्य मुलुकतर्फ दाल, गरगहना, वनस्पति उत्पादन, कागजका प्याकिङ्ग सामग्री र टाँकको निर्यातमा वृद्धि भएको कारण त्यसतर्फको निर्यात बढेको हो ।

अघिल्लो वर्षको पहिलो महिनामा ७.१ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा १३.८ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ११.७ प्रतिशतले बढेकोमा यस वर्ष १४.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ०.२ प्रतिशतले मात्र बढेकोमा समीक्षा अवधिमा १२.६ प्रतिशतले वृद्धि भएको छ ।

भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारी साधन तथा पार्टपूर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल र धागो एवं अन्य मुलुकबाट सुन, कच्चा भटमासको तेल, दूरसंचारका सामाग्री तथा पूर्जा, यातायातका साधन तथा पूर्जा र प्लाष्टिकका दानाको आयातमा वृद्धि भएको छ ।

२०६४ साउनमा विप्रेषण आप्रवाह २१.४ प्रतिशतले वृद्धि भई रु ९ अर्ब ३६ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. १ अर्ब ६० करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही महिनामा रु.२ अर्ब ८३ करोड शोधनान्तर बचत भएको थियो । चालू खाता घाटाको विस्तारका कारण शोधनान्तर स्थिति घाटामा गएको हो ।

२०६४ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तकै हाराहारीमा अर्थात् रु. १६५ अर्ब ३ करोड रहेको छ । आर्थिक वर्ष २०६३/६४ को साउन मसान्तमा यस्तो सञ्चिति २.९ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ साउनमा प्रति व्यारल अमेरिकी डलर ७३.७२ रहेकोमा २०६४ साउनमा ४.४ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ७०.५१ मा झरेको छ । त्यसैगरी सुनको मूल्य २०६३ साउनको तुलनामा २०६४ साउनमा ५.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६२५.५० बाट अमेरिकी डलर ६५७.५० पुगेको छ ।

२०६३ साउनमा एक अमेरिकी डलरको विनिमयदर रु. ७४.३५ रहेको थियो भने २०६४ साउनमा नेपाली रुपैयाँ १२.९ प्रतिशतले अधिमूल्यन भई एक अमेरिकी डलरको विनिमयदर रु ६५.८७ रहेको छ ।●

# चनाखो भई त्रुटिरहित कार्य सम्पादन गर्न निर्देशन

कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले बैंकको कामकार्वाही चनाखो भई त्रुटिरहित ढंगले सम्पादन गर्न निर्देशन दिनुभएको छ। सो निर्देशन उहाँले कानून महाशाखाद्वारा असोज २४ गते काठमाडौंमा आयोजित "बढ्दो मुद्दा मामिलामा प्रमाण जुटाउन सम्बन्धित विभाग तथा कार्यालयको भूमिका" विषयक गोष्ठीको उद्घाटन समारोहमा दिनुभएको हो।

उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंकमा मुद्दाको चाप बढेको सन्दर्भ उल्लेख गर्दै बैंकको कामकार्वाहीमा प्रक्रियागत त्रुटि कम गर्न पनि निर्देशन दिनुभयो। विभागीय कार्यसम्पादन त्रुटिपूर्ण भए मुद्दा हार्ने सम्भावना रहन्छ- उहाँको कथन थियो। साथै, उहाँले देशमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएकोले तिनीहरूको निरीक्षण, सुपरिवेक्षण एवं नियमन गर्ने नेपाल राष्ट्र बैंकको जिम्मेवारी र दायित्व अझ बढ्दै गएको कुरा उल्लेख गर्नुभयो।

उद्घाटन समारोहपश्चात् डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीको अध्यक्षतामा गोष्ठी संचालन भएको थियो। उक्त अवसरमा उहाँले मुद्दा मामिलामा आवश्यक प्रमाण जुटाउन सम्बन्धित विभाग तथा कार्यालयले विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो।

गोष्ठीमा कानून महाशाखाका कायममुकायम उप-निर्देशक श्री थानेश्वर आचार्यले "नियमनकारी निकायको निर्णय प्रक्रिया र आधारभूत कानूनी अवधारणा" विषयक पहिलो कार्यपत्र प्रस्तुत गर्नुभयो। यसक्रममा उहाँले कानूनी विधि, प्रक्रिया, अधिकार क्षेत्र लगायतका विषयमा हुन जाने सानो त्रुटिले कानूनी प्रश्न उठ्न गई मुद्दामा हारजितको आधार बन्ने हुँदा न्यूनतम कानूनी मान्यताप्रति केन्द्रीय बैंक सधैं चनाखो, सजग र गम्भीर हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

'मुद्दासँग सम्बन्धित कागजात व्यवस्थापन' विषयमा सोही महाशाखाका सहायक निर्देशक




*का.मु. गभर्नर श्री मानन्धर (बीचमा) मन्तव्य व्यक्त गर्दै। साथमा डेपुटी गभर्नर श्री मानन्धर (दायाँ) र कार्यकारी निर्देशक श्री ज्ञवाली।*

श्री प्रेमप्रसाद पाण्डेयले अर्को कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। बैंकका निर्णयहरू सही ढँगले व्यवस्थित हुन नसक्दा कतिपय मुद्दाहरूमा अदालतको आदेशानुसारका कागजातहरू समयमा पठाउन नसकी मुद्दाको निर्णयमा कठिनाई उत्पन्न भएको र मुद्दा कमजोर हुने गरेको अनुभव उहाँले व्यक्त गर्नुभयो। कुनै संस्था वा व्यक्तिलाई कारवाही गर्दा वा निर्देशन दिँदा छुट्टाछुट्टै निर्णय सहित फाइल खोली पञ्जिका तयार गर्नुपर्ने र कर्मचारीलाई फाइलको जिम्मेवारी तोक्ने तथा सरुवा हुँदा अनिवार्य रुपमा बुझबुझारथ गराउने व्यवस्था मिलाउनु पर्नेमा उहाँले जोड दिनुभयो।

गोष्ठीमा प्रस्तुत पहिलो कार्यपत्रउपर टिप्पणी गर्दै सामान्य सेवा विभागका कायममुकायम कार्यकारी निर्देशक श्री भाष्करमणि ज्ञवालीले कानून भनेको धर्म, नैतिकता तथा इमान्दारिता भएकोले हरेक कर्मचारीले इमान्दारीका साथ आफ्नो कर्तव्य दक्षतापूर्वक निर्वाह गर्नुपर्ने कुरा बताउनुभयो।

दोस्रो कार्यपत्रउपर टिप्पणी गर्दै बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक श्री महेश्वरलाल श्रेष्ठले बैंकका निर्णयहरू र कागजात खोजेको बेलामा जुनसुकै बखत पाउन सकिने गरी सही ढंगले व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।

गोष्ठीको अन्त्यमा कानून महाशाखाका निर्देशक श्री धर्मराज सापकोटाले सहभागीहरूको जिज्ञासाको जवाफ दिँदै नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीको विनियम ५२ बमोजिम बुझबुझारथ अनिवार्य रुपमा गर्नुपर्ने, महत्वपूर्ण कागजातहरूको फाइल पञ्जिका बनाई व्यवस्थित गर्नुपर्ने र कानूनको स्रोत स्पष्ट उल्लेख गरेर मात्र कारवाहीको निर्णय गर्नुपर्नेमा जोड दिनुभयो।

स्वागत मन्तव्यको क्रममा सोही महाशाखाका कायममुकायम उप-निर्देशक श्री कृष्णराज सिलवालले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै बढ्दो मुद्दा मामिलामा आवश्यक प्रमाण जुटाउन सम्बन्धित विभाग तथा कार्यालयले आवश्यक कानूनी प्रक्रिया पुऱ्याएर मात्र कार्य सम्पादन गर्नुपर्नेमा जोड दिनुभयो। गोष्ठीको संचालन महाशाखाका सहायक निर्देशक श्री निरा ताल्चाभडेलले गर्नुभएको थियो।

## तथ्याङ्क गोष्ठी सम्पन्न

विदेशी विनिमय व्यवस्थापन विभागले असोज ४ गते काठमाडौंमा एक तथ्याङ्क गोष्ठी सम्पन्न गऱ्यो। गोष्ठी विदेशी विनिमय सम्बन्धी तथ्याङ्कमा एकरुपता र दुरुस्तता कायम गर्ने उद्देश्यले आयोजना गरिएको थियो। गोष्ठीमा वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकका प्रतिनिधिहरू र विदेशी विनिमय व्यवस्थापन विभागका अधिकृतहरूको उपस्थिति रहेको थियो।

गोष्ठीमा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री रामजी रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। उक्त अवसरमा उहाँले विदेशी विनिमयको आगमन र बहिर्गमनको शुद्ध तथ्याङ्कको अभावले यस सम्बन्धी नीति निर्माणमा नकारात्मक असर पर्ने विचार व्यक्त गर्नुभयो। गोष्ठी विदेशी विनिमयको तथ्याङ्कमा एकरुपता कायम गर्न, तथ्याङ्क संकलनमा आइपर्ने समस्या एवं अप्ठ्याराहरू हटाउन सहयोगसिद्ध हुने अपेक्षा उहाँले व्यक्त गर्नुभयो।

गोष्ठीमा सोही विभागका निर्देशक श्री शंकरप्रसाद आचार्य र उप–निर्देशक श्री रवीन्द्र खनालले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो। सोही विभागका सहायक निर्देशकद्वय श्री ज्ञानबहादुर जि.सी. र श्री सृजना बास्तोलाद्वारा प्रस्तुत कार्यपत्रमाथि गोष्ठीमा छलफल भएको थियो।

# लगानीकर्तालाई सही सूचना प्रवाह गर्नुपर्ने




*उद्घाटन समारोहको एक झलक*

डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित निकायले लगानीकर्ताहरूलाई सही सूचना प्रवाह गरिरहनु पर्ने कुरा व्यक्त गर्नुभएको छ ।



उक्त कुरा उहाँले बैंकर्स प्रशिक्षण केन्द्रद्वारा असोज ११ गते काठमाडौंमा आयोजित 'Trend and Issues of Capital Market' विषयक कार्यशाला गोष्ठीमा व्यक्त गर्नुभएको हो ।

उक्त अवसरमा उहाँले नेपाली धितोपत्र बजारको स्थिति गम्भीर रहेको, बैंक तथा वित्तीय क्षेत्रको सूचकाङ्क डरलाग्दो किसिमले बढेको बताउँदै नेपाली धितोपत्र बजारको व्यवस्थापनका लागि सैद्धान्तिक एवं व्यावहारिक पक्षलाई मध्यनजर गरी नियमन व्यवस्था लागु गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले नयाँ नयाँ निर्देशनमार्फत नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई धेरै पारदर्शी बनाएको कारण बैंकहरूप्रति विश्वस्त भएर लगानीकर्ताहरूले तिनीहरूको शेयर बढी मूल्यमा कारोवार गरेको बताउनुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष श्री राधेश पन्तले नेपालमा बैकिङ्ग क्षेत्रको नियमक संस्था बलियो र सबल रहेको बताउनुभयो । नेपाली धितोपत्र बजारमा बैंकहरूको शेयर मूल्य अत्यधिक बढेको सन्दर्भमा उहाँले कम्पनीको शेयर मूल्य त्यसको भविष्यले निर्धारण गर्ने भए तापनि नेपालमा यस्तो नदेखिएको चर्चा गर्नुभयो । नेपालका मुख्य लगानीकर्ताहरूलाई आफूले लगानी गर्ने कम्पनीको भविष्य बारे पर्याप्त ज्ञान नै छैन, उहाँको कथन थियो ।



नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले विना कारण नेपाली धितोपत्र बजारमा शेयर मूल्य बढ्ने गरेको कुरा बताउनुभयो । अर्थतन्त्रको अवस्था सकारात्मक नभए पनि शेयर मूल्य बढ्नु लगानीकर्तालाई बजारको बास्तविक सूचना थाहा नहुनुको परिणाम मात्र हो– उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, एउटा कम्पनी टाट पल्ट्यो भने त्यसले राष्ट्रिय अर्थतन्त्रलाई धरापमा पार्न सक्छ ।

गोष्ठीमा नेपाल शेयर दलाल संघका अध्यक्ष श्री नवराज पोखरेलले नेपाली धितोपत्र बजारको प्रबृत्ति नकारात्मक नरहेको उल्लेख गर्दै चीन र भारत जस्तो आर्थिक शक्ति राष्ट्र बीचको नेपालले पनि फराकिलो आर्थिक बृद्धि हासिल गर्न लगानी बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।



यसैगरी नेपाल वित्त कम्पनी संघका उपाध्यक्ष श्री उपेन्द्रकुमार पौड्याललले बैकिंग क्षेत्रको पूँजीकोष बृद्धिको फलस्वरुप बैंकहरूको शेयर मूल्य बढेको चर्चा गर्दै शेयर किन्ने प्रयोजनका लागि बैंकबाट प्रवाह हुने कर्जामा नियन्त्रण गर्नु पर्ने विचार व्यक्त गर्नुभयो ।





गोष्ठीमा बैंकर्स प्रशिक्षण केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले नेपाली धितोपत्र बजारलाई धरासायी हुनबाट बचाउन उपाय खोज्ने, लगानीकर्ताहरूलाई लगानी सम्बन्धी जानकारी दिने उद्देश्यले गोष्ठी आयोजना गरिएको जानकारी दिँदै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीमा पूँजी बजार विशेषज्ञ श्री अनलराज भट्टराईले 'Capital Market : Trends and Issues' विषयमा पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा उहाँले शेयर बजारमा नयाँ बिक्री प्रबन्धक र दलालहरूको प्रवेशलाई रोक्न नहुने सुझाव दिनुभयो । यसैगरी पूँजी बजारसँग सम्बन्धित नियम कानूनमा परिमार्जन गर्नु पर्ने र शेयर बजार सम्बन्धी सूचनाको प्रवाह तथा रिपोर्टिङ्गमा सामयिक सुधारको आवश्यकता रहेको औल्याउनुभयो । शेयर बजारको स्वस्थ संचालनका लागि लगानीकर्ताहरूलाई सुरक्षाको प्रत्याभूति हुनुपर्ने, संस्थाहरूको संस्थागत सुशासनमा सुधार गर्नु पर्ने र कम्पनीहरू पारदर्शी हुनु पर्ने र भयरहित वातावरण बनाई दिनु पर्ने कार्यपत्रको निष्कर्ष थियो ।

उक्त कार्यपत्रमाथि नेपाल धितोपत्र विनिमय बजार लिमिटेडका महाप्रबन्धक श्री रेवतबहादुर कार्कीले टिप्पणी गर्नुभएको थियो ।

यसैगरी Reform Issues in Nepalese Securities Market विषयमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा उहाँले नेपाली धितोपत्र बजारको सुधार प्रक्रियालाई तीन चरणमा विभाजन गरी चर्चा गर्नुभयो । नियमन संरचनामा सुधार गर्नु पर्ने, नियमक संस्थाको क्षमता बृद्धि गर्नु पर्ने, बजारको पूर्वाधार तथा सेवा विस्तार हुनु पर्ने, धितोपत्र उपकरणको उपलब्धता तथा विविधीकरण हुनु पर्ने, संस्थागत सुशासनमा सुधार हुनु पर्ने र संस्थागत लगानीकर्तालाई प्रोत्साहन दिनु पर्ने लगायतका सुझाव उहाँले प्रस्तुत गर्नुभयो ।

उक्त कार्यपत्रमाथि धितोपत्र विज्ञ श्री दीपकराज काफ्लेले टिप्पणी गर्नुभएको थियो ।



# नेपाली वित्तीय प्रणालीको विस्तार

■ रामकाजी खाइजू

विक्रम संवत १९९४ कात्तिक ३० गते नेपाल बैंक लिमिटेडको स्थापना भयो। यो नै नेपालको पहिलो बैंक हो। त्यसको झण्डै २० वर्षपछि २०१३ वैशाख १४ गते केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकको स्थापना भयो। त्यसपछि देशमा बैंकिङ्ग तथा गैरबैंकिङ्ग वित्तीय संस्थाहरूको स्थापना हुने क्रमसंगै नेपाली वित्तीय प्रणालीको विस्तार भएको हो। नेपाली वित्तीय प्रणालीमा बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता छ। २०६४ असोज मसान्तसम्ममा वित्तीय कारोवार संचालन गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २३६ पुगेको छ। यसमा २३ वाणिज्य बैंक, ५८ विकास बैंक र ७९ वित्त कम्पनीहरू रहेका छन्। यसैगरी लघु वित्तको कारोवार गर्ने १२ विकास बैंक, सीमित बैकिङ्ग कारोवार गर्ने १७ सहकारी संस्था र लघु कर्जा कारोवार गर्ने ४७ गैरसरकारी संस्थाहरू पनि यसमा समाविष्ट छन्।

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०६० अघिसम्म १४४ थियो। विगत साढे चार बर्षमा यो संख्या ६४% (९२ वटा) ले बढेको छ। २०६० देखि वार्षिक १४ को हाराहारीमा बढिरहेको तिनीहरूको संख्या २०६४ को ६ महिनामा ह्वात्तै बढेको देखिन्छ। उक्त वर्षको पहिलो ६ महिनामा मात्र ३६ वटा नयाँ बैंक तथा वित्तीय संस्थाहरूले कारोवार संचालनका लागि इजाजत प्राप्त गरे। यसमा ४ वाणिज्य बैंक, २२ विकास बैंक, ९ वित्त कम्पनी र एक लघु वित्त विकास बैंक रहेका छन्। यसैगरी २०६४ को असोजमा मात्र २४ वटा यस्ता संस्थाहरू थपिए। उक्त महिनामा ३ वाणिज्य बैंक, १६ विकास बैंक र ५ वित्त कम्पनीले कारोवार संचालनका लागि स्वीकृति प्राप्त गरे (हेर्नुस तालिका नं.१)।

तालिका नं. १

बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक उपस्थिति

| स्थापना मिति | जम्मा | क | ख | ग | घ | ङ | च |
|---|---|---|---|---|---|---|---|
| २०६० अघि | १४४ | १८ | १० | ५२ | ११ | १७ | ३६ |
| २०६० मा | १३ | ० | ३ | ३ | ० | ० | ७ |
| २०६१ मा | १४ | ० | ९ | २ | ० | ० | ३ |
| २०६२ मा | १४ | ० | ६ | ७ | ० | ० | १ |
| २०६३ मा | १५ | १ | ८ | ६ | ० | ० | ० |
| २०६४ पहिलो ६ महिना | ३६ | ४ | २२ | ९ | १ | ० | ० |
| २०६४ असोजमा मात्र | २४ | ३ | १६ | ५ | ० | ० | ० |
| २०६४ असोजसम्म | २३६ | २३ | ५८ | ७९ | १२ | १७ | ४७ |

*संकेत : क= वाणिज्य बैंक, ख= विकास बैंक, ग= वित्त कम्पनी, घ= लघु वित्त विकास बैंक, ङ=सहकारी संस्था (सीमित बैंकिङ कारोवार गर्ने), च= गैरसरकारी संस्था (लघु कर्जा कारोवार गर्ने)*

इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको भौगोलिक उपस्थिति हेर्दा यिनीहरू मूलत: राजधानी र शहर केन्द्रित भएको देखिन्छ। २०६४ असोजसम्मको स्थिति हेर्ने हो भने काठमाडौं उपत्यकाभित्र केन्द्रीय कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाहरूको संख्या १०५ र अन्य १३१ वटा देखिन्छन्। यसले कुल संख्याको ४४.५ प्रतिशत काठमाडौं उपत्यकाभित्र र बाँकी ५५.५ प्रतिशत उपत्यका बाहिर केन्द्रित रहेको देखाउँछ। यसमा काठमाडौं उपत्यका नजिक काभ्रे जिल्लामा केन्द्रीय कार्यालय राखी स्थापित १० वटा बैंक तथा वित्तीय संस्थाहरू पनि उपत्यकाभित्र भएको गणना गर्ने हो भने तिनीहरूको स्थिति झण्डै बराबर देखिन आउँछ। अधिकांश वाणिज्य बैंक (१७ वटा) र वित्त कम्पनी (५४ वटा) काठमाडौं उपत्यकामा स्थापित भएका छन् (हेर्नुस तालिका नं.२)।

तालिका नं. २

बैंक तथा वित्तीय संस्थाहरूको भौगोलिक उपस्थिति

| स्थान | प्रतिशत | जम्मा | क | ख | ग | घ | ङ | च |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं उपत्यकामा | ४४.५ | १०५ | १७ | १२ | ५४ | २ | ५ | १५ |
| उपत्यका बाहिर | ५५.५ | १३१ | ६ | ४६ | २५ | १० | १२ | ३२ |
| जम्मा | १०० | २३६ | २३ | ५८ | ७९ | १२ | १७ | ४७ |

यसरी धेरैजसो बैंक तथा वित्तीय संस्थाहरू शहर केन्द्रित मात्र भएकोले जनमानसमा अर्थतन्त्रको आकारको तुलनामा यिनीहरूको संख्या आवश्यकता भन्दा बढी भएको हो कि भन्ने चर्चा पनि चलेको छ। नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण दायरा बाहिर पर्ने सहकारी संस्थाहरू पनि ठूलो संख्यामा स्थापना भइसकेका छन्। तिनीहरूमध्ये अधिकांशले सहकारी ऐन, नियम विपरित बैंक तथा वित्तीय संस्थाहरूले गर्ने आर्थिक कारोवार गरिरहेका छन्। तिनीहरूको संख्या पनि काठमाडौंमा बढी केन्द्रित भएकोले बैंक तथा वित्तीय संस्थाहरू बढी नै भएका हुन कि जस्तो महसुस हुन्छ। तर मापन गर्ने भरपर्दो र विश्वासिलो आधारको अभावका कारण विद्यमान संख्या बढी हो वा होइन भन्ने विषय खुला अर्थव्यवस्थामा किटेर भन्न सकिँदैन। यस्ता संस्थाहरूको उचित संख्या कति हो भन्ने कुरा बजारले नै निर्धारण गर्छ भन्ने धारणा पटक पटक व्यक्त भइरहेको छ।

निश्चय पनि काठमाडौं उपत्यकामा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति देशका अन्य भागको तुलनामा बढी छ। तर नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनले के देखाएको छ भने उपत्यकामा संचालित बैंक तथा वित्तीय संस्थाहरूको संख्या एसियाली मुलुक थाइल्याण्डको राष्ट्रिय औसत भन्दा कम र श्रीलंकाको राष्ट्रिय औसतसंग बराबर मात्र छ। अनुसन्धानले नेपालका विभिन्न विकास क्षेत्रबीच वित्तीय पहुँचको ठूलो अन्तर रहेको पनि देखाएको छ।

अनुसन्धानकै क्रममा थाइल्याण्ड लगायत सार्क मुलुकहरू भारत, पाकिस्तान र श्रीलंकाको भन्दा नेपालको प्रति बैंक शाखा जनसंख्या (Population per bank branch) बेपत्ता बढी रहेको देखिएको छ। ती मुलुकहरूको प्रति बैंक शाखा जनसंख्या २०,००० भन्दा कम तर नेपालको ५०,००० भन्दा बढी देखिएको छ। यो तथ्यांक आफैमा नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढी भयो भन्नेहरूलाई गतिलो जवाफ हो।

नेपालमा बैंक तथा वित्तीय संस्था स्थापना गर्न त्यति सजिलो भने पक्कै छैन। वाणिज्य बैंकका लागि न्यूनतम चुक्ता पूँजी रु. २ अर्ब तोकिएको छ। बढीमा ७० प्रतिशतसम्म लगानी गर्न पाइने भए तापनि संस्थापकहरूले ५१ प्रतिशत मात्र लगानी गर्ने हो भने १ अर्ब २ करोड रुपैयाँ चाहिन्छ। त्यस्तै राष्ट्रिय स्तरका विकास बैंक तथा वित्त कम्पनी स्थापना गर्न पनि रु. १० करोडदेखि रु. ६४ करोडको न्यूनतम चुक्ता पूँजी आवश्यक पर्छ। यति रकम जुटाउन सजिलो पक्कै छैन। यदि कसैले आवश्यक न्यूनतम चुक्ता पूँजी लगानी गरेर वित्तीय संस्था खोल्छ, केन्द्रीय बैंकको नियमन, निरीक्षण र सुपरिवेक्षणमा वित्तीय कारोवार संचालन गर्छ र मुनाफा कमाउँछु भन्छ भने उसलाई नेपाल राष्ट्र बैंकले रोक्ने कुरा पनि भएन।

मुनाफामा संचालन, विश्वासिलो निरीक्षण तथा सुपरिवेक्षण, पारदर्शी व्यवस्थापन, जनशक्तिको उपलब्धता, स्वदेशी व्यवसाय आदिका कारण मानिसहरू बैंक तथा वित्तीय संस्था स्थापना गर्न अग्रसर भएका हुन्। हालसम्म खासगरी निजी लगानीमा खुलेका बैंक तथा वित्तीय संस्थाहरू विगत ५-७ वर्षयता टाट पल्टेको र सोको कारण बन्द भएको अवस्था देखिँदैन। यसको कारण पनि यसतर्फ आकर्षण बढेको हो। आवश्यकता भन्दा बढी यस्ता संस्थाहरू स्थापना भए प्रतिस्पर्धाका कारण केही संस्थाहरू टाट पल्टेर बन्द हुनेछन् र बजारको आवश्यकता अनुसारको संख्या मात्र बाँकी रहन्छन्। यसरी वित्तीय संस्थाहरूको उचित संख्या बजारले नै निर्धारण गर्ने आर्थिक उदारीकरणको सिद्धान्त पनि हो।●



# नेप्सेको उतार चढाव

■ **बद्रीनाथ नेपाल**

२०६४ असोजको पहिलो दिन ८१८ विन्दुबाट शुरु भएको नेप्से सूचकांक (Nepse Index) त्यसपछि उकालो लाग्न शुरु गऱ्यो। पहिलो सातामै यसले ८८० विन्दु छुन सफल भयो। केही उतार चढावका साथसाथै असोज महिनाको तेस्रो हप्ताको अन्तिम कारोबार दिन यो अहिलेसम्मकै उच्च विन्दुमा पुग्यो। असोज १७ गते विहिवारको दिन नेप्से सूचकांक ८९९.४२ पुग्यो। केही दिनसम्म यो स्थिर रह्यो। यसमा शेयर विश्लेषकहरूको भनाईमा लगानीको वातावरण सुध्रिएर र उत्पादकत्व बृद्धि भएर यो भाउ बढेको होइन। यो बृद्धि त बैकिङ्ग सूचकांकमा भएको बृद्धिको परिणाम मात्र हो। केही बैंक तथा वित्तीय संस्थाको शेयर मूल्यमा अत्याधिक बृद्धिले गर्दा नेप्से सूचकांक आकासिएको हो। बैंक तथा वित्तीय संस्थाहरूले लाभांश दिने, वोनस शेयर दिने र हकप्रद शेयर जारी गर्ने गरेकाले बैकिङ्ग सूचकांक बढ्न गएको हो।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको न्यूनतम चुक्ता पूँजी २०६३ चैत १३ गतेदेखि बढाएको थियो। सो मिति पहिले नै संचालनमा आइसकेका बैंक तथा वित्तीय संस्थाहरूले २०७० साल भित्रमा चरणबद्ध रुपमा पूँजी बढाएर नयाँ प्रावधान अनुरुपको पूँजी पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ। यसैगरी २०६३ असार २९ गते सम्ममा संस्था स्थापनाका लागि निवेदन दिएका तर सैद्धान्तिक सहमति पाइनसकेको हकमा नयाँ व्यवस्था बमोजिमको चुक्ता पूँजी २०६७ सालभित्रमा पुऱ्याउनु पर्ने प्रावधान छ। यसले गर्दा बैंक तथा वित्तीय संस्थाहरूले पूँजी बृद्धि गर्ने नीति अनुरुप बोनस शेयर तथा हकप्रद शेयर जारी गर्नेछन्। त्यसैले यसक्रमको बृद्धि २०७० सालसम्म रहने अनुमान गरिएको छ।

करिव ९०० को हाराहारीमा पुगेको नेप्से सूचकांक असोज २१ गतेबाट ओरालो लाग्न शुरु गरेर असोज २३ गते ८३७ मा झर्न पुग्यो *(हेर्नुस ग्राफ)*।

यसको कारण थियो नेपाल राष्ट्र बैंकले असोज २० गते जारी गरेको निर्देशन। बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको सो निर्देशनमा संस्थापक (प्रमोटर्स) शेयरको विक्री खुला गर्ने तथा शेयरको धितोमा दिने कर्जा (Margin Lending) मा कडा व्यवस्था गरिएको थियो। यो निर्देशनको फलस्वरुप अप्रत्यासित रुपमा आकासिएको शेयर बजार केही शान्त हुन पुगेको हो। वास्तवमै शेयर वजारमा यसअघि माग अत्याधिक बढी र त्यसको पूर्ति अत्यन्तै न्यून रहेको थियो। प्रमोटर्स शेयरको विक्री खुला गरेपछि बजारमा शेयरको पूर्ति बढी हुन जाने र मूल्य आकासिनबाट रोकिने अनुमान गरिएको छ। असोजको चौथो र पाँचौं साताको नेप्सेको ट्रेण्ड लाइनको अध्ययन गर्दा यो कुरा स्पष्ट झल्किन्छ। नेपाल राष्ट्र बैंकले अस्वाभाविक रुपमा बढिरहेको शेयर बजारमा धेरै पहिलेदेखि नकारात्मक प्रभावहरू देखिरहेको थियो। शेयरको शुरु निष्कासन (आई. पि. ओ.) मा आवेदन गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरूले दिने ऋणलाई निरुत्साहित तुल्याउन २०६३ चैतमा कडा निर्देशन जारी गरिएको थियो। जसले गर्दा कुनै बैंकको शेयर शुरु निष्कासन हुँदा सयौं




गुणासम्मको आवेदन पर्ने गर्थ्यो भने त्यसपछि यो परिपाटी घटेको छ। शेयर बजारका सट्टेवाजहरूले कृतिम रुपमा सिर्जना गरेको शेयर मूल्य बृद्धिलाई हतोत्साहित गर्नेतर्फ नेपाल राष्ट्र बैंक प्रयासरत थियो। यसैक्रममा यस क्षेत्रका विज्ञहरूको सल्लाहमा नेपाल राष्ट्र बैंकले प्रमोटर्स शेयर विक्री खुल्ला गरेको हो।

यसैबीच असोज २४ गते नेपाल विकास बैंकलाई नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ८६(ख) बमोजिम समस्याग्रस्त घोषणा गरियो। नेपाल राष्ट्र बैंकले त्यस बैंकलाई जमानत प्रदान गर्न, नयाँ शाखा–कार्यालय खोल्न र स्थिर सम्पत्ति खरिद गर्न प्रतिबन्ध लगायो। त्यसवेला बैंकको पछिल्लो वित्तीय विवरणका आधारमा बैंकको प्रतिशेयर आय रु. १४८ ले ऋणात्मक देखिएको थियो। तर त्यसको ठीक १ दिन अगाडि नेपाल स्टक एक्सचेञ्जमा नेपाल विकास बैंकको शेयर प्रति कित्ता रु. १६६ मा किनबेच भएको थियो। बैंकको वित्तीय स्थिति प्रति शेयर रु. १४८ ले ऋणात्मक हुँदाको अवस्थामा पनि यसको

> **शेयर विश्लेषकहरूको भनाइमा लगानीको वातावरण सुध्रिएर र उत्पादकत्व वृद्धि भएर यो भाउ बढेको होइन। यो वृद्धि त बैकिङ्ग सूचकाङ्कमा भएको वृद्धिको परिणाम मात्र हो।**

शेयरमा रु. १६६ लगानी गरिएको देखियो। यस्तो अवस्थामा लगानीकर्ताहरूलाई सुसूचित गर्नु देशको मौद्रिक तथा वित्तीय क्षेत्रको पहरेदारका हिसावले नेपाल राष्ट्र बैंकले आफ्नो दायित्व ठान्यो।

हरेक बैंकको लेखापरीक्षण गरिएका वित्तीय विवरणहरूको रेकर्ड नेपाल राष्ट्र बैंकमा रहन्छ। निश्चय पनि यी संस्थाहरूले नाफा कमाएका छन्। तर नाफाको कारणले मात्र तिनीहरूको शेयरको मूल्य यति विघ्न बढेको होइन। यसतर्फ नेपाल राष्ट्र बैंकका नीति निर्माताहरूलाई शंका उत्पन्न भएकै थियो। यसै सन्दर्भमा एक विचार गोष्ठीको पनि आयोजना गरियो। जसमा बैंक तथा वित्तीय क्षेत्रका पदाधिकारीहरू, शेयर विश्लेषकहरू, शेयर दलालहरू र नेपाल स्टक एक्सचेञ्ज तथा धितोपत्र बोर्डका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। यस विचार गोष्ठीमा शेयरको माग अत्याधिक रहेको तर पूर्ति भने सीमित भएकोले यस्तो स्थिति देखापरेको भन्ने निर्क्योल निस्क्यो। अनुमान (speculation) को आधारमा बढेको शेयर बजार एकदिन धरासायी हुने डर थियो। आकासिदो मूल्यलाई रोक्नेतर्फ कुनै पहल कदमी चाल्नु अत्यावश्यक देखिएको थियो। यसको प्रयास स्वरुप नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई असोज २० गते एक निर्देशन जारी गरेको हो। सो निर्देशनअनुरुप प्रमोटर्स शेयरको विक्री खुल्ला गरिनाले बजारमा शेयरको पूर्ति अत्यधिक हुने भयो। अर्कोतर्फ शेयरको सुरक्षणको आधारमा बैंकहरूले प्रदान गर्ने कर्जा (Margin lending) मा कडा नीति अवलम्बन गर्दा सट्टेवाजहरूले शेयरको मूल्य बढाएर ठूलो रकमको ऋण लिने परम्परामा ह्रास आउने नेपाल राष्ट्र बैंकको अनुमान ठिक सावित भयो। यसमा सर्वसाधारण लगातीकर्ताले बुझ्नु पर्ने कुरा के हुन्छ भने कुनै पनि संस्थाको शेयरमाथि लगानी गर्दा त्यसको वित्तीय स्थितिको राम्रोसंग अध्ययन गर्नु जरुरी छ।●

# मौद्रिक तथा वित्तीय व्यवस्थापन तालिम

बैंकर्स प्रशिक्षण केन्द्रले असोज १३ देखि १८ गतेसम्म काठमाडौंमा मौद्रिक तथा वित्तीय व्यवस्थापन (Monetary and Fiscal Management) विषयक तालिम संचालन गर्‍यो । मौद्रिक तथा वित्तीय क्षेत्रका विविध विषयको जानकारी दिने उद्देश्यले तालिम संचालन गरिएको थियो । तालिममा नेपाल राष्ट्र बैंकबाट १५, राष्ट्रिय योजना आयोगबाट २, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्यांक विभागबाट १/१ गरी कुल २० जनाको सहभागिता रहेको थियो ।

तालिमको उद्घाटन केन्द्रका



*मौद्रिक तथा वित्तीय व्यवस्थापन तालिमका सहभागीहरू*

कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले संक्रमणकालीन अवस्थामा केन्द्रीय बैंकको मौद्रिक नीति र सरकारको वित्त नीति सही तवरबाट कार्यान्वयन गर्न चुनौतिपूर्ण हुने धारणा राख्नुभयो ।

असोज १८ गते आयोजित तालिमको समापन कार्यक्रममा केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो । सो अवसरमा उहाँले तालिमबाट हासिल गरेका ज्ञान र सिप सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा उपयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा तालिम संयोजक श्री प्रेमप्रसाद न्यौपानेले तालिमको समग्र मूल्यांकन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूको तर्फबाट राष्ट्रिय योजना आयोगका श्री बुद्धिबहादुर गुरुङले मन्तव्य व्यक्त गर्नुभयो ।

तालिममा समष्टिगत अर्थशास्त्र, व्यवस्थापन, मौद्रिक सिद्धान्त, नेपालमा मौद्रिक नीतिको सञ्चालन, मौद्रिक नीतिमा ऋण व्यवस्थापनको प्रभाव, वित्तीय सिद्धान्तको सुधारका क्षेत्रहरू, सरकारी ऋणको क्षेत्र, नेपालमा योजना र बजेट लगायतका विषयवस्तु समावेश गरिएको थियो ।

यसैगरी केन्द्रले असोज १ देखि ४ गतेसम्म काठमाडौंमा Computer Operation को तालिम संचालन गर्‍यो । तालिममा बैंकका उपत्यकास्थित विभाग तथा कार्यालयका १४ जना सहायकस्तरीय कर्मचारीहरूले भाग लिएका थिए ।

तालिमको शुभारम्भ केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले गर्नुभएको थियो । यसैगरी निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । सहभागीहरूको तर्फबाट बैंक सुपरिवेक्षण विभागका कायममुकायम सहायक निर्देशक श्री रुद्रराज अधिकारीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सहाभागीहरूलाई MS Word, Network Security, E-mail & Internet, Utility Software and Trouble Shooting आदिको प्रशिक्षण दिइएको उक्त तालिमका संयोजक बैंकर्स प्रशिक्षण केन्द्रका श्री बुद्धिवहादुर थापा हुनुहुन्थ्यो ।●

# कार्यकारी निर्देशक श्री बस्याल कोरियामा



अर्थमन्त्रालय काजमा रहनुभएका कार्यकारी निर्देशक श्री टुलराज बस्याल कोरियामा आयोजित 'Public-Private Partnership for Infrastructure Development of Asia and the Pacific' विषयक सम्मेलनमा भाग लिन असोज १३ गते त्यसतर्फ प्रस्थान गर्नुभई असोज २० गते काठमाडौं फर्कनुभयो ।●

# अवलोकन भ्रमण

सामान्य सेवा विभागका सहायक निर्देशक श्री मनोहर बस्नेत र प्रधान सहायक श्री कुमार कार्की बैंकको चेकबुक छपाई सम्बन्धी कार्यको अवलोकनका लागि असोज ७ गते भारतको मुम्बईतर्फ प्रस्थान गर्नुभई असोज १३ गते काठमाडौं फर्कनुभयो ।●

# कार्यशालामा सहभागिता

अनुसन्धान विभागका प्रधान सहायक श्री प्रल्हाद गिरी Delnet, New Delhi द्वारा भारतको नयाँ दिल्लीमा आयोजित 'New Trends in Library and Information Services' विषयक कार्यशालामा भाग लिन असोज ९ गते त्यसतर्फ प्रस्थान गर्नुभई असोज १३ गते काठमाडौं फर्कनुभयो ।●

# राष्ट्र ऋण व्यवस्थापन तथा क्षमता अभिवृद्धि तालिम

बैंकर्स प्रशिक्षण केन्द्रले काठमाडौंमा राष्ट्र ऋण व्यवस्थापन र क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ ।

केन्द्रले भदौ २३ देखि २६ गतेसम्म 'Public Debt Management' विषयक तालिम संचालन गर्‍यो । राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी नयाँ व्यवस्था र कार्यविधि बारे जानकारी दिन आयोजित उक्त तालिममा नेपाल राष्ट्र बैंकका ८, विभिन्न वाणिज्य बैंक तथा विकास बैंकका ३/३, वित्त कम्पनीका ५ र नागरिक लगानी कोषका १ गरी जम्मा २० जनाको सहभागिता रहेको थियो ।

तालिमको शुभारम्भ केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले भदौ २३ गते गर्नुभएको थियो । उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंकका साथै अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि सरकारी ऋणपत्रको बजार निर्माताको कार्य सम्पादन गर्ने भएकोले तालिममा सम्बन्धित सबै पक्षलाई सहभागी गराइएको जानकारी दिनुभयो ।

उक्त तालिममा सहभागीहरूलाई आन्तरिक तथा वाहय ऋणको परिचय, राष्ट्र ऋण व्यवस्थापन र मौद्रिक नीतिबीचको अन्तरसम्बन्ध, अल्पकालीन तथा दीर्घकालीन ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार, राष्ट्र ऋण सम्बन्धी ऐन, नियम तथा कार्यगत प्रक्रिया, बोलकबोल प्रथाद्वारा निष्काशन, विकास ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोवार सम्बन्धमा जानकारी गराइएको थियो ।

भदौ २६ गते आयोजित तालिमको समापन समारोहमा



बाँकी

केन्द्रका निमित कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । उक्त अवसरमा उहाँले सहभागीहरूको तर्फबाट प्राप्त व्यावहारिक प्रशिक्षणमा जोड दिनु पर्ने, अल्पअवधिको तालिममा पनि खाजाको व्यवस्था हुनु पर्ने लगायतका सुझाव केन्द्रले कार्यान्वयन गर्दै जाने जानकारी दिनुभयो ।

समारोहमा तालिम संयोजक श्री प्रेमप्रसाद न्यौपानेले मूल्यांकन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूको तर्फबाट कृषि विकास बैंकका श्री राजेन्द्र माकजुले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसैगरी केन्द्रले भदौ १९ देखि २१ गतेसम्म 'Quality Enhancement for Support Staff' विषयक तालिम सञ्चालन गऱ्यो । तालिमको शुभारम्भ केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले गर्नुभएको थियो । तालिममा बैंकका विभिन्न विभाग तथा कार्यालयमा कार्यरत २० जना सहायकस्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

सहयोगी कर्मचारीहरूको पदीय जिम्मेवारी, आधारभूत कार्यगत सिपहरू, कार्यालय सरसफाई तथा सजावट, स्वास्थ्य र सुरक्षा समूहमा काम गर्ने कर्मचारीको आचरण, व्यवहार तथा थकान र तनाव कम गर्ने उपायहरू लगायतका विषय तालिममा समेटिएको थियो ।

तालिमको समापनको दिन केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा तालिम संयोजक श्री हेमनाथ त्रिपाठीले समग्र मुल्यांकन प्रतिवेदन प्रस्तुत गर्नुभयो । सहभागीको तर्फबाट सामान्य सेवा विभागका श्री थलप्रसाद बजगाईले मन्तव्य व्यक्त गर्नुभएको थियो ।●

# आर्थिक मीमांसाको नयाँ नेपाल विशेषाङ्क प्रकाशित

नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकले आफ्नो प्रकाशन आर्थिक मीमांसाको नयाँ अंक प्रकाशन गरेको छ । नयाँ नेपाल विशेषाङ्को रुपमा प्रकाशित उक्त पुस्तकको विमोचन माननीय अर्थमन्त्री डा. रामशरण महतले थापाथलीस्थित क्लब भवनमा असोज १७ गते आयोजित एक कार्यक्रममा गर्नुभएको थियो ।



*अर्थमन्त्री डा. महत पुस्तक विमोचन गर्नुहुँदै*

पुस्तक इकोनोमिक पोलिसी, फेडरलिज्म, इकोनोमी, मनी, बैकिङ्ग एण्ड फाइनान्स गरी चार खण्डमा विभाजित छ । प्रत्येक खण्डमा विद्वान लेखकहरूको लेख समावेश गरिएको छ । पुस्तकमा समावेस गरिएको १९ वटा वाणिज्य बैंकको प्रोफाइल पुस्तकको आकर्षणको रुपमा रहेको छ ।

अर्थमन्त्री डा. रामशरण महत्त, कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धर, प्रथम गभर्नर श्री हिमालय शमशेर जबरा, डा. बाबुराम भट्टराई, श्री भरतमोहन अधिकारीसंग लिइएको समसामयिक विषयको अन्तर्वार्ता पुस्तकको प्रमुख विशेषताको रुपमा रहेको छ । पुस्तकमा विद्वान लेखकहरू राष्ट्रिय योजना आयोगका सदस्य माननीय श्री दीपेन्द्रबहादुर क्षेत्री, नेपाल राष्ट्र बैंक संचालक समितिका सदस्यद्वय डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना तथा डा. विश्वम्भर प्याकुऱ्याल, डा. मोहनमान सैंजू, डा. शंकरप्रसाद शर्मा, श्री प्रदिप गिरी, श्री महेश आचार्य, डा. प्रकाशशरण महत्त, कर्ण शाक्य लगायतका लेखहरू समावेश गरिएका छन् ।

कुल ४०० पृष्ठको सो पुस्तकको साधारण मूल्य रु ३००।- र संस्थागत मूल्य रु ५००।- तोकिएको छ । पुस्तकका प्रधान सम्पादक संघका केन्द्रीय अध्यक्ष श्री संजय मिश्र हुनुहुन्छ भने सम्पादकहरूमा सर्वश्री भगवती चापागाईं, उमेशचन्द्र गौतम र रुद्रराज अधिकारी रहनुभएको छ ।●

# डेपुटी गभर्नर श्री रायमाझीद्वारा प्रमाणपत्र वितरण

डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले बैंकर्स प्रशिक्षण केन्द्रद्वारा आयोजित Problem Banks and Corporate Governance विषयक तालिमका सहभागीहरूलाई भदौ ७ गते आयोजित एक समारोहमा प्रमाणपत्र वितरण गर्नुभयो ।

उक्त अवसरमा उहाँले संस्थागत सुशासनको कमी नेपाली बैंक तथा वित्तीय संस्थाहरूको एक मुख्य समस्या भएको बताउनुभयो । नेपाल राष्ट्र बैंकको नियमन तथा निर्देशन इमान्दारीपूर्वक पालना गरेको खण्डमा ती संस्थाहरू स्वस्थ तरिकाले संचालन हुने उहाँको धारणा थियो ।

बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा तालिमका संयोजक श्री शम्भुनाथ ढुंगानाले समग्र मूल्यांकन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूका तर्फबाट हिमालयन बैंक लिमिटेडका श्री सन्तोष पाण्डेले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकका ७, विभिन्न वाणिज्य बैंकका १२ र विकास बैंकका १ गरी जम्मा २० जनाको सहभागिता रहेको उक्त तालिम भदौ २ गते सुरु भएको थियो । तालिममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठ र स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी प्रमुख श्री सुजित मुण्डलले Problem Banks and Corporate Grovernance बारे वार्ता प्रस्तुत गर्नुभएको थियो ।

तालिममा सहभागीहरूलाई विश्वव्यापी वित्तीय बजार: अवसर र चुनौती, बासेल II को तयारी, प्रयोग, प्रमुख सिद्धान्त तथा अनुगमन, समस्याग्रष्ट बैंकको परिभाषा, यसका कारण, पहिचान र समाधान तथा संस्थागत सुशासन र तिनको सान्दर्भिकता लगायतका समसामयिक विषयमा जानकारी गराइएको थियो ।●

# नेपालगञ्जमा अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, नेपालगञ्जले असोज ११ गते बाँकेको नेपालगञ्जमा शंकास्पद नेपाली, भारतीय तथा परिवर्त्य विदेशी मुद्राको पहिचान विषयक एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंक, नेपालगञ्जका मुख्य व्यवस्थापक श्री कृष्णबहादुर थापाको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठले "शंकास्पद नेपाली रुपैयाँको पहिचान" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा कायममुकायम कार्यकारी निर्देशक श्री श्रेष्ठले नेपाली नोटको छपाई प्रक्रिया, नोटको सुरक्षार्थ रहेका दृश्य तथा अदृश्य विशेषताहरूको सैद्धान्तिक एवं व्यावहारिक रुपमा प्रष्ट पार्नुभएको थियो । साथै, उहाँले अन्तरक्रियामा सहभागीहरूबाट उठाइएका समसामयिक बैंकिङ्ग तथा आर्थिक गतिविधि सम्बन्धी जिज्ञासाको जवाफ दिनुभएको थियो ।

यसैगरी कार्यक्रममा बैकिङ्ग कार्यालयका प्रधान सहायक श्री दामोदर आचार्यले "शंकास्पद भारतीय तथा परिवर्त्य मुद्राको पहिचान" विषयमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले भारतीय मुद्राका नोटमा राखिएका सुरक्षा व्यवस्था बारे जानकारी दिँदै जाली तथा सक्कली भारतीय मुद्रा पहिचान गर्ने तरिका बताउनु भएको थियो । साथै, उहाँले परिवर्त्य विदेशी मुद्राहरूमध्ये अमेरिकी डलर र यूरोका नोटमा रहेका सुरक्षा विशेषता बारेमा सैद्धान्तिक तथा प्रयोगात्मक वार्ता प्रस्तुत गर्नुभएको थियो ।

बांके जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरू एवं मनिचेञ्जरका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपालगञ्जका कायममुकायम व्यवस्थापक श्री हरिगोपाल अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संचालन प्रधान नगद सहायक श्री भुवानीप्रसाद गौतमले गर्नुभएको थियो ।●

# सिद्धार्थनगर र बुटवलमा मूल्य गोष्ठी

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरले असोज ११ गते सिद्धार्थनगर र असोज १५ गते बुटवलमा मूल्य तथ्याङ्क गोष्ठी सम्पन्न गऱ्यो ।

ती दुबै गोष्ठीको सभापतित्व नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका मुख्य व्यवस्थापक श्री ख्यामनारायण ढकालले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले उद्योगी एवं व्यापारीवर्गबाट उपलब्ध मूल्य तथ्यांकको आर्थिक तथा मौद्रिक नीति निर्माणमा महत्वपूर्ण भूमिका रहने भएकोले वास्तविक र यथार्थपरक मूल्य उपलब्ध गराउन आग्रह गर्नुभयो ।

सिद्धार्थनगरमा आयोजित गोष्ठीमा सिद्धार्थनगर उद्योग बाणिज्य संघ, रुपन्देहीका अध्यक्ष श्री कृष्णप्रसाद शर्माले र बुटवलमा आयोजित गोष्ठीमा रुपन्देही व्यापार संघका अध्यक्ष श्री शंकर भट्टराईले "मूल्य तथ्याङ्क सङ्कलनमा व्यापारी तथा उद्यमी वर्गको भूमिका" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीमा उठेका जिज्ञासाको जवाफ नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका मुख्य व्यवस्थापक, व्यवस्थापक तथा सहायक व्यवस्थापकहरूले दिनुभएको थियो ।

गोष्ठीको शुरुमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका व्यवस्थापक श्री भुवन कँडेलले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्य, मूल्य संकलन केन्द्र, मूल्य संकलन समयावधि तथा मूल्य संकलन गरिने वस्तुहरूको बारेमा जानकारी दिनुभएको थियो । गोष्ठीको अन्तमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका सहायक व्यवस्थापक श्री सपना पौडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

मूल्य संकलन कार्यमा बैंकलाई प्रत्यक्ष सहयोग गर्दै आएका व्यापारी तथा उद्यमीहरूको सहभागिता रहेको उक्त गोष्ठीमा अन्य व्यापारिक संघ/संगठनका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।●

# पाँचौ शाखा अधिवेशन सम्पन्न

नेपाल राष्ट्र बैंक, कर्मचारी संघ शाखा समिति विराटनगरको पाँचौ शाखा अधिवेशन असोज ४ गते विराटनगरमा सम्पन्न भयो । अधिवेशनको उद्घाटन नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री महेश भट्टराईले गर्नुभएको थियो ।

समारोहमा अन्तरबैंक कर्मचारी संघ, केन्द्रीय कार्यसमितिका उपाध्यक्ष श्री गणेश गिरी, पेशागत महासंघ नेपाल जिल्ला कार्यसमिति मोरङ्गका उपाध्यक्ष श्री केदार कार्की, कृषि विकास बैंक कर्मचारी संघ क्षेत्रीय समितिका अध्यक्ष श्री मातृकाप्रसाद आचार्य, नेपाल राष्ट्र बैंक, पूर्वकर्मचारी संघ, विराटनगरका अध्यक्ष श्री कृष्णबहादुर कार्की, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक शाखा समिति विराटनगरका अध्यक्ष श्री इन्द्रप्रसाद गेलाल, नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री तेजवहादुर राना, नेपाल राष्ट्र बैंक कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष श्री वसन्तराज पाण्डेले अधिवेशनको सफलताको कामना गर्नुभएको थियो ।

शाखा समितिका निवर्तमान अध्यक्ष श्री गणेशप्रसाद गौतमको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन समितिका सचिव श्री शंकर वस्तीले गर्नुभएको थियो ।

उक्त अधिवेशनको बन्दसत्रमा सांगठनिक तथा आर्थिक प्रतिवेदन पारित गर्दै नयाँ कार्यसमिति चयन गरिएको संघको विराटनगर शाखा समितिले जनाएको छ ।●

### नयाँ कार्यसमितिका पदाधिकारीहरू

| | |
|---|---|
| अध्यक्ष | श्री टेकबहादुर श्रेष्ठ (निर्वाचित) |
| उपाध्यक्ष | श्री तारानाथ दाहाल (निर्वाचित) |
| सचिव | श्री शंकर बस्ती (निर्विरोध) |
| सहसचिव | श्री जिष्णुप्रसाद बराल (निर्विरोध) |
| कोषाध्यक्ष | श्री केदारनाथ पौडेल (निर्विरोध) |
| सदस्य | श्री अच्युतकुमार थापा (निर्वाचित) |
| सदस्य | श्री एकराज सुवेदी (निर्वाचित) |
| सदस्य | श्री राधाकृष्ण खड्का (निर्वाचित) |
| सदस्य | श्री नगेन्द्र खड्का (निर्वाचित) |
| केन्द्रीय प्रतिनिधि | श्री अग्निप्रसाद दाहाल (निर्वाचित) |
| केन्द्रीय प्रतिनिधि | श्री मनोज बानियां (निर्वाचित) |
| केन्द्रीय प्रतिनिधि | श्री तारानाथ दाहाल (निर्वाचित) |
| केन्द्रीय प्रतिनिधि | श्री डम्बर खत्री (निर्वाचित) |

# नेपाल विकास बैंक समस्याग्रस्त घोषित

नेपाल राष्ट्र बैंकले नेपाल विकास बैंक, हेरिटेज प्लाजा, काठमाडौंलाई समस्याग्रस्त बैंक घोषणा गरेको छ । उक्त बैंकको वित्तीय अवस्था सुध्रनुको सट्टा ह्रासोन्मुख देखिएको लगायतका कारण बैंकका निक्षेपकर्ता एवम् लगानीकर्ताहरूको हित संरक्षण गर्न तत्काल ठोस सुधारात्मक कदम चाल्नु पर्ने आवश्यक देखिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख बमोजिम बैंकले असोज २४ गते एक सूचना जारी गरी उक्त बैंकलाई समस्याग्रस्त घोषणा गरेको हो ।

विभिन्न समयमा नेपाल राष्ट्र बैंकले गरेको स्थलगत तथा गैरस्थलगत निरीक्षणबाट उक्त बैंक गम्भीर वित्तीय, व्यवस्थापकीय, आन्तरिक नियन्त्रण एवम् संस्थागत सुशासकीय समस्याबाट गुज्रिरहेको देखिएको थियो । राष्ट्र बैंकको सुधारात्मक निर्देशन पालना गर्न सो बैंक गम्भीर नदेखिएको, निर्देशनको पटक पटक अवज्ञा गरेको र पछिल्लो वित्तीय विवरणका आधारमा समेत बैंकको पूँजीकोष ऋणात्मकता अझै बढ्न गएको थियो । यी कैफियत सुधार गर्न/गराउन नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा ८६ ग बमोजिम दिइएका विभिन्न सुधारात्मक निर्देशन पालना गर्न लगाउन उक्त बैंकलाई समस्याग्रस्त घोषणा गरिएको हो । यो घोषणासंगै उक्त बैंकलाई थप कर्जा तथा जमानत प्रदान गर्न, नयाँ शाखा तथा कार्यालय खोल्न र स्थिर सम्पत्ति खरिद गर्न नपाउने गरी प्रतिबन्ध लगाइएको छ ।




नेपाल राष्ट्र बैंकले उक्त बैंकलाई २०६५ असारसम्ममा पर्याप्त पूँजीकोष कायम गर्न, खराब कर्जाको अनुपात बढीमा ९ प्रतिशतमा झार्न, सम्पूर्ण गैरबैकिङ्ग सम्पत्ति बिक्री गर्न भनेको छ । मनोरन्जन, व्यवसाय प्रवर्द्धन, वैदेशिक भ्रमण लगायतका खर्च कटौती गरी बैंकलाई कम्तिमा लाभहानी पारविन्दु (break-even point) मा पुऱ्याउन निर्देशन दिइएको छ । यसैगरी उक्त बैंकको कर्मचारी संख्या र खर्चलाई व्यवसाय एवम् कारोवारसंग आवद्ध गरी त्यस्तो खर्च २०६३ असारको तुलनामा कम्तिमा आधा घटाउन, बैंक संचालकलाई प्रतिबैठक बढीमा रु. एक हजार बाहेक अन्य भत्ता, सुविधा, सहुलियत प्रदान नगर्न, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ वमोजिम योग्यता, कार्यानुभव, दक्षता एवम् क्षमता भएको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न भनेको छ। बैंकको निर्देशन बमोजिम निक्षेप एकाग्रता कायम गर्न, गोरखा हाइड्रोपावर कम्पनीमा लगानी गरेको शेयर बिक्री गर्न एवम् बाँकी कर्जा असुलउपर गर्न र नेपाल सहकारी संस्थामा रहेको सम्पूर्ण निक्षेप एवम् शेयर लगानी फिर्ता गर्न पनि निर्देशन दिइएको छ ।

यस अघि नेपाल राष्ट्र बैंकले उक्त बैंकलाई मिति २०६१।३।२४ गतेदेखि निक्षेप संकलनमा प्रतिबन्ध लगाएको थियो ।●

## नेपाल विद्याभूषण पदकद्वारा विभूषित

वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक डा. खेमराज भेटुवाल 'क' श्रेणीको नेपाल विद्याभूषण पदकद्वारा विभूषित हुनुभएको छ । The Maharaja Sayajirao University of Baroda, Gujarat, India बाट विद्यावारिधि उपाधि हासिल गरेकोले उहाँ यो पदकद्वारा विभूषित हुनुभएको हो । विक्रम संवत २०४२ सालमा बैंक सेवामा प्रवेश गर्नुभएका डा. भेटुवालले 'Assessing the Effectiveness of Financial Sector Reform in Nepal' विषयमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।



यसैगरी अनुसन्धान विभागका सहायक निर्देशक डा. विष्णुप्रसाद गौतमले पनि सोही विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । विक्रम संवत २०४२ सालमा बैंक सेवामा प्रवेश गर्नुभएका डा. गौतमले 'Tourism Financing in Nepal' विषयमा विद्यावारिधि गर्नुभएको पनि जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।



समाचार उहाँहरूलाई बधाइ ज्ञापन गर्दछ ।●

## सरुवा

सहायक निर्देशकहरू मुद्रा व्यवस्थापन विभागका सर्वश्री कमलप्रसाद ज्ञवाली विदेशी विनिमय व्यवस्थापन विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका अञ्जु अधिकारी संस्थागत योजना विभागमा, वित्तीय संस्था सुपरिवेक्षण विभागका गोविन्दबहादुर श्रेष्ठ वित्त व्यवस्थापन विभागमा, बैंक सुपरिवेक्षण विभागका महेश्वरदास मानन्धर वित्त व्यवस्थापन विभागमा, रामबहादुर रावल राष्ट्र ऋण व्यवस्थापन विभागमा र प्रदिप भट्टराई विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी सहायक व्यवस्थापकहरू नेपाल राष्ट्र बैंक, धनगढीका सर्वश्री विष्णुमणि गौतम सामान्य सेवा विभागमा र मीना चन्द ठकुरी बैकिङ्ग कार्यालयमा, नेपाल राष्ट्र बैंक, वीरगञ्जका अनुज दाहाल वित्तीय संस्था सुपरिवेक्षण विभागमा, नेपाल राष्ट्र बैंक, जनकपुरका गिरिजाप्रसाद कोइराला तथा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका बासुदेव भट्टराई बैंक सुपरिवेक्षण विभागमा र टक्सार महाशाखाका इलेक्ट्रिकल इञ्जिनियर सचिन गोर्खाली सामान्य सेवा विभागमा सरुवा हुनुभएको छ ।●

## फोटो फिचर



NRB-Media Relation : A Review **विषयक अन्तरक्रियाको एक झलक**

# 'अब पालो आर्थिक क्रान्तिको'

"प्राकृतिक सम्पत्ति धेरै हुँदैमा मात्र देश धनी हुँदैन ।" उक्त कुरा माननीय अर्थमन्त्री डा. रामशरण महतले नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकद्वारा असोज १७ गते काठमाडौंमा आयोजित "अब पालो आर्थिक क्रान्तिको" विषयक विचार गोष्ठीको उद्घाटन समारोहमा व्यक्त गर्नुभएको हो । उक्त अवसरमा उहाँले दक्ष जनशक्ति र आधुनिक शिक्षा नै देश विकासको आधार भएको बताउनुभयो । 'अहिले नेपालको एजेण्डा तीन वटा हुन सक्दछन्- शान्ति, स्थायी लोकतन्त्र र आर्थिक समृद्धि', उहाँले भन्नुभयो ।



*अर्थमन्त्री डा. महत*

समारोहमा मन्तव्य व्यक्त गर्दै कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले सरकारले आर्थिक क्रान्तिको नीति अघि सारे नेपाल राष्ट्र बैंक त्यसको कार्यान्वयनका लागि पछि नपर्ने धारणा राख्नुभयो ।

डेपुटी गभर्नर श्री वीरबिक्रम रायमाझीको उपस्थिति रहेको उक्त समारोहमा नेपाल राष्ट्र बैंक, संचालक समितिका सदस्य डा. विश्वम्भर प्याकुऱ्यालले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा अन्तरिम विधायिका संसदका सांसदहरू सर्वश्री प्रदिप गिरी, शंकर पोखरेल, दिनानाथ शर्मा, युवा नेताहरू चन्द्र भण्डारी, गगन थापा र युवा उद्यमी राजेन्द्र खेतान लगायतले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## उद्धरण

कान्तिपुर बिहीबार, २४ असोज, २०६४ बाट

### नेपाल विकास बैंक 'समस्याग्रस्त'

■ सञ्जय न्यौपाने

काठमाडौं, २३ असोज- सुधारका लागि पटक-पटक गरिएका प्रयास असफल भएपछि राष्ट्र बैंकले नेपाल विकास बैंकलाई समस्याग्रस्त घोषणा गर्ने निर्णय गरेको छ ।

बैंकको खराब स्थितिले कर्मचारी सञ्चयकोष, सैनिक कल्याणकारी कोष तथा सर्वसाधारणको करिब डेढ अर्ब रुपैयाँ निक्षेप जोखिममा परेको निष्कर्षसहित बैंक तथा वित्तीय संस्था ऐनको दफा ८६ को व्यवस्थाअनुसार बुधबार उक्त निर्णय गरिएको हो ।

एक लाख कर्मचारीले भविष्यका लागि जम्मा गरेका सञ्चयकोषको ६५ करोड, सैनिक कल्याणकारी कोषको ४५ करोड रुपैयाँ बैंकमा निक्षेप छ । वित्तीय अवस्था खराब हुँदाहुँदै प्रचलितभन्दा बढी ब्याज दिने भनेर उक्त बैंकले व्यापक प्रचारप्रसार गर्दै आएको छ । 'बैंकको ब्याजमा लोभिएर निक्षेपकर्ता जोखिममा पर्न लागेकाले हस्तक्षेप गर्नुपरेको हो,' बैंक सम्बद्ध स्रोतले कान्तिपुरलाई भन्यो । तीन महिनामा बैंकले ४ करोडभन्दा बढी निक्षेप उठाएको छ ।

राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको यो तेस्रो बैंक हो । यसअघि घरेलु तथा साना उद्योग बैंक र वीरगन्जको युनाइटेड विकास बैंकलाई समस्याग्रस्त घोषणा गरेको थियो । समस्याग्रस्त बैंकले निक्षेप संकलन, कर्जा र लगानी गर्न पाउँदैन ।

राष्ट्र बैंकले विभिन्न समयमा

**'राष्ट्र बैंकको निर्देशन अदालतका कारण कार्यान्वयन हुन नसक्दा यो स्थिति आएको हो'**

दिएको निर्देशन अदालतका आदेशका कारण कार्यान्वयन हुन नसकेकाले यो स्थिति आएको सम्बद्ध अधिकारी बताउँछन् । डेढ वर्षअघि सुधारका लागि राष्ट्र बैंकले निक्षेप संकलनमा रोक लगाएको थियो । सर्वोच्च अदालतले विकास बैंकको पक्षमा अन्तरिम आदेश जारी गर्दै निक्षेप संकलन नरोक्न राष्ट्र बैंकलाई आदेश दिएको थियो । करिब तीन दर्जनपल्ट पेसी सर्दै गए पनि अझै निर्णय भएको छैन ।

निर्देशन पालना नगरेको भन्दै अध्यक्षलाई बैंक सञ्चालकबाट हटाउन राष्ट्र बैंकले दिएको निर्देशन पनि गत वर्ष पुनरावेदन अदालत पाटनको आदेशले कार्यान्वयन हुन सकेको थिएन । हालै अदालतले पुन मुद्दा खारेज गरेपछि राष्ट्र बैंकलाई यसको बाटो खुला भएको हो ।

बुधबारको निर्णयअनुसार बैंकले अब निष्क्रिय कर्जा घटाउनुपर्छ र भौतिक सम्पत्ति बिक्री वितरण गर्न पाउँदैन र गलत सन्देश जाने विज्ञापन गर्न पाउँदैन ।

प्रत्यक्ष निरीक्षणमा बैंकको खुद सम्पत्ति प्रतिसेयर १ सय ४८ रुपैयाँले नकारात्मक देखिएपछि दुई वर्षदेखि सुधार गर्न राष्ट्र बैंकले निर्देशन दिएको थियो । यसको मतलब उक्त बैंकको एक सय रुपैयाँको सेयर किन्नेको सम्पत्ति अहिले १ सय ४८ रुपैयाँले घटेको छ ।

केन्द्रीय बैंकको स्थलगत अध्ययन प्रतिवेदनअनुसार बैंकको प्राथमिक पुँजी २४ करोड ३० लाख र पुँजीकोष २१ करोड रुपैयाँले ऋणात्मक थियो ।

संघका केन्द्रीय अध्यक्ष श्री संजय मिश्रको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बैंकका विभागीय प्रमुखहरू, वरिष्ठ अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।



*समारोहमा उपस्थित वरिष्ठ अधिकृत तथा कर्मचारीहरू*

## जनसम्पर्क महाशाखाको सूचना

'मिमिरे' मासिकको आगामी पुस अङ्क आर्थिक लेख विशेषांकको रूपमा प्रकाशन हुँदैछ । उक्त अङ्कमा प्रकाशनार्थ विद्वान लेखकहरूबाट आर्थिक, वित्तीय, मौद्रिक, व्यवस्थापन तथा बैकिङ्ग विषयका समसामयिक, अनुसन्धानात्मक एवम् विश्लेषणात्मक लेख आह्वान गरिन्छ । आफ्नो लेख २०६४ मंसिर १५ गतेभित्र **नेपाल राष्ट्र बैंक, जनसम्पर्क महाशाखा**मा आइपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गर्भनरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**साधना उपाध्याय**

*सम्पादन सहयोगी*
**विमला उपाध्याय, विन्दुप्रसाद अर्याल**
**रामकाजी खाइजू**